देवघाट गाउँपालिका

गाउँ सभा

# अठारौं अधिवेशन

## आर्थिक वर्ष २०८३/०८४ का लागि

## नीति तथा कार्यक्रम

मिति: २०८३/०३/०५


<u>प्रस्तुतकर्ता</u>

श्री तिल बहादुर थापा

गाउँपालिका अध्यक्ष

# देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**आदरणीय सभा अध्यक्ष ज्यू,**

सभाका सदस्य ज्यूहरु,

यस देवघाट गाउँपालिकाको गरीमामय गाउँ सभामा आगामी आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम एवम् बजेट निर्माण गर्ने सन्दर्भमा हामीले यहाँका सामाजिक व्यक्तित्व, राजनीतिक दल, सरोकारवाला संघ-संस्था, सामाजिक आर्थिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरुसँग बृहत छलफल र घनिभूत बहस तथा सूचना प्रविधिका विभिन्न माध्यमबाट देश विदेशमा रहनुभएका महानुभावहरुसँग सुझाव संकलन गरी प्राविधिक र वस्तुनिस्ठ नीति कार्यक्रम तय गरेर दीर्घकालीन र दिगो योजना छनौट गर्ने प्रयास गरेका छौं। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पूर्ण आमा-बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनैतिक दलहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, नागरिक समाज लगायत सहजीकरण गर्नु हुने सबैमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक परिवर्तन र संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको क्रममा भएको ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

अब म तिनै सुझाव संकलनबाट प्राप्त मार्गनिर्देशन सहित देवघाट गाउँ कार्यपालिकाबाट स्वीकृत देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**क. देवघाट गाउँपालिकाको विद्यमान परिवेशः**

विश्व व्यवस्था प्रणालीमा आएको परिवर्तनका कारणले देवघाट गाउँपालिकालाई पनि प्रत्यक्ष प्रभाव पारेको छ। विश्व जगतमा भईरहेको द्वन्द, हिंसा, युद्ध र महामारी रोगका कारण पर्न गएको आर्थिक मन्दीका कारण हाम्रो देश नेपाल पनि त्यसबाट प्रत्यक्ष प्रभावित हुन गएको छ। जसका कारण स्थानीय तहले पाउनु पर्ने अन्तर-सरकारी वित्तीय हस्तान्तरण तथा वित्तीय समानीकरण बजेटमा समेत प्रभाव परेको छ। न्युन वित्तीय श्रोतका कारण जन-अपेक्षा अनुसार सेवा प्रवाह गर्न कठिनाई परेको छ। अर्को तर्फ देवघाट गाउँपालिकाको भौगोलिक संरचना तीन तर्फ नदीले घेरिएको छिमेकी जिल्ला र स्थानीय क्षेत्र आवतजावत गर्नका लागि नदी पार गरी यात्रा गर्नुपर्ने, सहजै यातायातका साधनहरु आवत-जावत गर्न कठिन परिस्थिति भोगिरहेको ग्रामिण भेगहरु भौगोलिक विकटताका कारण सडक यातायात पहुँच पुर्याउन सहज अवस्था रहेको छैन। सामाजिक, धार्मिक दृष्टिकोणले देवघाट गाउँपालिकामा मठ-मन्दिर र आश्रमहरु निर्माण हुने काम विकास भईरहेको छ भने धार्मिक भक्तजनहरु देवघाट गाउँपालिका वडा नं.- ५ को वेणी संगममा पूजा आराधना र स्नानका लागि हजारौ संख्यामा भित्रिने गर्दछन भने देवघाट गाउँपालिकाको वडा नं.-१ मा रहेको छरछरे झरना, वडा नं.-२ मा रहेको पालु राजाको मन्दिर, वडा नं.-३ को घण्टाचुली पर्यटन क्षेत्र र वडा नं. ४ मा रहेको प्याउलीगढी पर्यापर्यटनका हिसावले भ्रमण गर्नेहरुका लागि गन्तव्य स्थान बनेको छ। रोजगारीका लागि वैदेशिक रोजगार रोज्ने र कृषि व्यवसाय गर्नेको संख्या पनि बढ्दो छ। हिजोका सुनसान ग्रामीण भेगका वस्तीहरु आज दिगो विकास र ग्रामीण भेगका सडक तथा खानेपानी, विद्युत आपुर्तीका

कारण र शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगती भएकोले पुनः गाउँघरमा प्रवासनमा रहेका व्यक्तिहरु गाउँ फर्कने क्रम बढ्दो छ। बाँझो जमिन खेतियोग्य जमिनमा परिणत हुने क्रम बढ्दो छ। सिंचाईका कारण अन्नबाली उत्पादन बढेको छ भने पशुपालन तथा फलफुल उत्पादन व्यवसाय गर्ने किसानहरु आकर्षित भएका छन जसका कारण देवघाट गाउँपालिकामा वर्षेनी ३० करोड भन्दा बढीको कृषिजन्य सुन्तला उपज लगायतका उत्पादन किसानहरुले बिक्री गरेको गाउँपालिकाको अभिलेखमा देखिएको छ। यस सन्दर्भमा युवाहरुलाई देशमा स्वरोजगारको अवसर सृजना गरी **गाउँघरमा बसौँ-बसौँ** बनाउन **"गाउँघरमा रोजगारः बनौं स्वरोजगारः समृद्धिको आधार"** का लागि देवघाट गाउँपालिका लागी परेको छ।

**ख. विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसर तथा चुनौतीहरुः**

**विद्यमान अवसरहरुः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छनः

१. संविधानतः अधिकार सम्पन्न राज्य पुनर्संरचना पश्चात स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा तथा योजना तर्जुमामा अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक, धार्मिक विविधताका कारण पर्यटनको अधिक सम्भावना रहनु।
५. सवै वडाका सबै टोल सडक पूर्वाधारको पहुँच हुनु।
६. गाउँपालिकाका सबै भूगोलहरूमा कृषिजन्य उत्पादनको प्रचुर सम्भावना रहनु।
७. घरहरुको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढ्नु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु।
८. कृषि तथा पशुजन्य क्षेत्रलाई पकेट क्षेत्र तथा जोन क्षेत्रको रुपमा विकास तथा विस्तार गर्ने उच्च सम्भावना हुनु।
९. धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय पर्यटनको लागि उच्च सम्भावना रहनु।
१०. सवै वस्तिहरूमा ग्रामिण विद्युतीकरण हुदै जानु।

**विद्यमान चुनौतीहरुः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छन्।

१. रोजगार उन्मुख, सीपमूलक, व्यावसायिक उद्यम विकास गर्न कठिनाई।
२. आत्मनिर्भर कृषि विकास सम्बन्धी योजना कार्यान्वयनमा कठिनाई।
३. वैदेशिक रोजगारबाट फर्केका सीपयुक्त जनशक्तिको सीप, अनुभव तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्न नसकिनु।
४. निर्माण भएको पूर्वाधारको समयमै मर्मत संभार गर्न बजेटको अपर्याप्तता हुनु।
५. भिरालो ठाउँ, बाढी पहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम हुनु।
**६.** प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गरी राजश्व संकलनमा अभिवृद्धिमा कठिनाई।
७. विभिन्न महामारीहरूसँग समयमै परिचित र सचेत हुन नसक्नु।
८. वैज्ञानिक, जलवायु, उत्थानशील तथा व्यवहारिक एवम उपयुक्त भू-उपयोग योजना तर्जुमा गर्न कठिनाई।

९. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (माटो, ढुङ्गा, बालुवा, गिट्टी – दहत्तर बहत्तर) को मापदण्ड अबलम्बन गरी अत्याधिक दोहन रोक्न नसक्नु ।
१०. जीवन उपयोगी व्यवहारिक, व्यवसायिक शिक्षा प्रभावकारी रुपमा संचालन गर्न नसक्नु ।
११. अनुशासित र मर्यादित समाजको निर्माण विविध कठिनाई हुनु ।
१२. स्रोत साधनको अभावमा छिमेकी स्थानीय तह सडक संजाल जोड्न नसक्नु ।
१३. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण गरिएका पूर्वाधारका संरचना (पूँजीगत सम्पत्ति) को व्यवस्थित लगत तयार गर्न र भौगोलिक कारणले सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) कार्यान्वयनमा कठिनाई ।

**ग. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरु बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, १६औं आवधिक योजनाको आधारपत्र विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाले संघीय सरकारको आवधिक योजना कार्यान्वयनमा ल्याइएका कानूनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

दिगो विकास निर्माणको कार्यमा गाउँपालिका क्षेत्रभित्रका आमनागरिकहरु, उद्यमी व्यवसायीहरु, सामाजिक संघ-संस्थाहरु तथा विकास साझेदारीहरुको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले ईमान्दारिताका साथ अगुवाई गर्ने र प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानूनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने जनसहभगिता एवम् जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको ईतिहासलाई निरन्तर प्रदान गर्दै शासकीय प्रबन्धमा सुशासनयुक्त जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता कायम गर्दै जनसहभागितामा जोड दिईनेछ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)का आधारमा छिटो छरितो एवम् चुस्तदुरूस्त सांगठनिक संरचना मार्फत प्रशासनिक तथा चालु खर्च मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवम् वित्तिय हस्तान्तरणको उच्चतम परिचालन गर्दै सेवा प्रवाहको प्रभावकारी अनुभूती दिलाउँदै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण तथा भौतिक उपलब्धिहरुः-**

**पूर्वाधार विकास तथा सडक यातायात तर्फः**

१. पालिका भित्र सडक सञ्जालको विस्तार तथा स्तरोन्नती तीव्र पारिएको । साउने कर्तापे सडक, सानुभञ्ज्याङ सिम्लेक सडक, गाईघाट छिपछिपे सडक लगायतका रणनीतिक सडक योजनाको निर्माणलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिएको । देवघाट खाल्टे सडक योजना अन्तर्गत बञ्चरे घुम्तीमा सडक ढलान

गरी बाह्रै महिना सञ्चालन योग्य बनाइएको। देवघाट गाँउपालिका भित्रका शहरी क्षेत्रमा पक्की सडक निर्माणको लागि ठेक्का आव्हान भई सम्झौता भएको छ भने घिनाटार टाउनचोक सडक योजना सम्पन्न भएको ।देवघाट गाउँपालिका वडा नं. ३ मा अवस्थित वाटक खोलमा कल्भर्ट निर्माण गरिएको छ। स्थानीय सडक नपुगेका तथा पूर्व निर्मित सडक अधुरो भएका स्थानहरूमा सडक सञ्जाल विस्तार गरिएको।

२. देवघाट आधारभुत अस्पताल (१० शैया) को भौतिक प्रगतिको ९०% भन्दा बढी कार्य सम्पन्न भएको।

३. कृषिको पर्याप्त सम्भावना भएर पनि सिँचाई हुन नसकेका कारण कोटा, गोपीटार लगायतका क्षेत्रहरूमा सिँचाई पूर्वाधार विकास गर्न कोटा लिफ्टिङ सिँचाई योजना निर्माण गरिएको। कुलो निर्माण, बोरिङ्ग विकास लगायतका साना सिँचाई योजनाहरूको विकास तथा प्रवर्द्धन गरिएको।

४. स्वच्छ र सफा खानेपानीको पहुँच विस्तारको लागि सिञ्च्याङ आमडाँडा खानेपानी योजना, क्वादी खानेपानी योजना जस्ता ठुला योजना सञ्चालन गरिएको। कोटा, झारखानी, शैया विष्णुधाम, लुङ्ग्रिन, पाखाटोल, ज्यामिरे ढड्डाघारी लगायतका स्थानमा खानेपानी ट्याङ्की निर्माण गरिएको छ। नरम, जैथुम लगायतका स्थानमा एक घर एक धारा निर्माण सम्पन्न भएको। डिही व्यागन, झाक्रीछोप, भिरकुना, चन्द्रौली, खाल्टे लगायतका स्थानमा खानेपानी योजनाको मर्मत संभार गरिएको।

५. सामाजिक रुपमा महत्वपूर्ण सामुदायिक, महिला समूह, टोल विकास संस्था, सहकारी लगायताका भवन पूर्वाधारहरूको निर्माणमा जोड दिइएको। स्थानीयहरूको माग अनुसार नरम सामुदायिक भवन, प्रगति आमा समूह अधुरो भवन सम्पन्न, सदिक्षा आमा समूह, सगरमाथा आमा समूह भवन, फिदिमस्वारा टोल विकास भवन, गोहीटार कृषि सहकारी भवन, भुजेल सामुदिक भवन जस्ता पूर्वाधारहरू निर्माण गरिएको।

६. देवघाटधाम क्षेत्रको धार्मिक महत्वको प्रवर्द्धन तथा संवर्द्धन गर्नको लागि मन्दिर तथा आश्रमहरूको पूर्वाधारहरूको विकासलाई सहयोग गरिएको। दुर्गा मन्दिर, भर्जनकालिका मन्दिर कम्पाउण्ड, हरिहर आश्रम कम्पाउन्ड, मनकामना आमा समूह मन्दिर लगायतका धार्मिक पूर्वाधारहरू निर्माण गरिएको।

७. खेलकुद विकासको लागि करादिप, छिपछिपे लगायतका स्थानमा भलिबल ग्राउण्ड निर्माण गरिएको छ तथा देवघाटमा रहेको ब्याडमिन्टन कभर्ड हल निर्माण अन्तिम चरणमा रहेको।

८. स्वास्थ्य चौकी तथा विद्यालय पूर्वाधार निर्माण तथा मर्मतलाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको। छिपछिपे र सिञ्च्याङ स्वास्थ्य चौकी तथा भृकुटी मा.वि. र आदर्श शिक्षा मा.वि.मा पूर्वाधार निर्माण तथा मर्मत संभार गरिएको।

९. विकास कार्यमा जनसहभागिता वृद्धि गरी योजनाको दिगोपना र अपनत्व, जवाफदेहिता, पारदर्शिता वृद्धि गरिएको।

१०. पर्यटन प्रवर्द्धनको लागि पूर्वाधारहरूको निर्माण गर्ने पालिकाको प्रमुख रणनीति रहेको छ। देवघाट पदमार्ग निर्माण हाल अन्तिम अवस्थामा रहेको छ, करादिप होमस्टेको स्तरवृद्धि गरिएको।

११. कार्यालयको सेवा प्रवाहको क्षमता र गुणस्तर अभिवृद्धि गर्न १ नं. वडा कार्यालयको भवन निर्माण सम्पन्न गरिएको छ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समुह):**

**शिक्षा तर्फ:**

१२. देवघाट गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा प्रसुति विदाको समय(९८ दिन)मा अध्यापन गराउनको लागि स्वयसेवक सट्टा शिक्षकको व्यवस्थापन गरिएको।

१३. अभिभावकहरुलाई शिक्षा कार्यक्रम, शैक्षिक सत्र २०८१ मा उत्कृष्ट नतिजा ल्याउने कक्षा ५, ८ , १० र १२ का विद्यार्थी, शिक्षक र विद्यालयलाई नगद सहित सम्मान गर्ने कार्यक्रम सम्पन्न गरिएको र शैक्षिक सत्र २०८२ को SEE परीक्षामा तनहुँ जिल्ला प्रथम स्थान हासिल गर्न सफल भएको साथै शत प्रतिशत नतिजा ल्याउने विद्यालय र विद्यार्थीहरुलाई उक्त विद्यालयको प्राङ्गणमै गई सम्मान गरिएको।

१४. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रविधि सम्बन्धी ५ दिने तालिम सम्पूर्ण विद्यालयका शिक्षकहरुलाई प्रदान गरिएको।

१५. **"हाम्रो देवघाट"** स्थानीय पाठ्यक्रम (कक्षा १-८) निर्माण भई शैक्षिक सत्र २०८३ मा सम्पूर्ण विद्यालयहरुमा लागु गरिएको।

१६. प्रधानाध्यपकहरुको सिकाई आदान प्रदान सम्बन्धी ४-दिने शैक्षिक अवलोकन भ्रमण गरिएको।

१७. देवघाट गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा न्यून विद्यार्थी संख्या, शिक्षक अनुपात र शिक्षकको कार्यसम्पादनको आधारमा दरबन्दी मिलान तथा विद्यालय समायोजन गरिएको।

१८. १४ जना नव-प्रवेशी शिक्षकहरुका लागि शिक्षण सिकाईमा सुधार र पेशागत विकासको लागि शिक्षक मेन्टरिङ कार्यक्रम कार्यान्वयन गरिएको।

१९. यस गाउँपालिकाको प्रतिनिधित्व गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता तथा अन्य खेलकुद कार्यक्रमहरु सहभागी तथा विजयी हुने खेलाडी तथा प्रशिक्षकलाई नगद सहितको सम्मान गरिएको।

२०. देवघाट गाउँपालिकाको सम्पूर्ण विद्यालयहरुमा सिकाई आपुरण तथा द्रुत सिकाई योजना (REAL) कार्यान्वयन भई न्यून सिकाई उपलब्धी भएका विद्यार्तीको सिकाई स्तर वृद्धि गरिएको।

२१. शिक्षक तथा विद्यार्थीको विज्ञान, प्रविधि तथा नवप्रवर्तन सीप विकासका लागि ९ वटा माध्यमिक विद्यालयहरुको शैक्षिक प्रदर्शनी तथा सिकाई मेला सम्पन्न गरिएको।

**स्वास्थ्य:**

२२. देवघाट गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट चालू आ.व.मा पुरुष – ८,५०६ जना र महिला - ११,२०९ जना गरि जम्मा १९,७१५ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको।

२३. ० देखि १५ महिना सम्मका बालबालिकाहरुलाई लगाउनु पर्ने खोप १,१६० पटक प्रदान गरिएको।

२४. राष्ट्रिय भिटामिन "ए" र जुकाको औषधि खुवाउने कार्यक्रममा ६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई भिटामिन "ए" ९२१ जना र जुकाको औषधि ८३८ जनालाई खुवाईएको।

२५. विद्यालय पोषण कार्यक्रम अन्तर्गत ३,३४० जना छात्र छात्राहरुलाई जुकाको औषधि खुवाएको र किशोरीहरुका लागि आईरनफोलिक चक्की ७९३ जनालाई प्रदान गरिएको ।

२६. देवघाट गाउँपालिका अन्तर्गत रहेका १७१ वटा गाउँघर क्लिनिकबाट ११६० जनालाई विभिन्न प्रकारका स्वास्थ्य सेवा प्रदान गरिएको ।

२७. देवघाट गाउँपालिका अन्तर्गत रहेका बर्थिङ सेन्टरहरुबाट तालिम प्राप्त नर्सिङ स्टाफहरुबाट ५५ जना गर्भवती महिलाहरुलाई सुत्केरी सेवा प्रदान गरिएको ।

२८. स्वास्थ्य संस्थाहरुमा आएका १४९ जना गर्भवती महिलाहरुलाई प्रोटोकल अनुसार क्याल्सियम, आईरन फोलिक चक्की र जुकाको औषधि वितरण गरिएको ।

२९. सुत्केरी भए पछि ३ दिन र ७ देखि १४ दिन भित्र सुत्केरीको घरमा गई ८८ जना सुत्केरी महिला सहित नवजात शिशुलाई सेवा प्रदान गरिएको ।

३०. सुचीकृत स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुबाट ५२ जना महिलाहरुलाई सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको।

३१. ११२ जना गर्भवती महिलाहरुलाई ग्रामिण अब्स्ट्रक्टिभ भिडियो एक्स-रे सेवा प्रदान गरिएको।

३२. परिवार नियोजन सेवा-ईम्प्लान्ट-५५५जना, IUCD-२ जना, पिल्स-४१ जना, डिपो-९६ जनालाई सेवा प्रदान गरिएको।

३३. ४१ जना क्षयरोगीहरुलाई डट्स कार्यक्रममा सहभागि गराई नियमित औषधि प्रदान गरिएको ।

३४. ० देखि ५९ महिना सम्मका बालबालिकाहरुका लागि ३,६०८ घरधुरी स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयं-सेविकाहरुबाट सर्वेक्षण गरी खोप छुट नभएको प्रमाणित भई मिति २०८३/०२/२९ गते पूर्णखोप पालिका घोषणा गरिएको।

३५. देवघाट गाउँपालिकाको समन्वय र भरतपुर नेत्रज्योति संघको आयोजनामा ११५ जनालाई आँखा सम्बन्धि स्वास्थ्य सेवा प्रदान र १४ जनालाई मोतिया विन्दुको अपरेसन गरेको ।

३६. ७२७ जनालाई AI एक्सरे र खकार परिक्षण गरि TB परिक्षण शिविरबाट सेवा दिएको।

३७. ५ देखि १५ बर्ष मुनिका बालबालिकाहरुको सिद्ध महाकाली मा.वि., देवघाट-०५ र पार्वती मा.वि., देवघाट-०१ कोटाबाट ३१९ जना बालबालिकालाई ऱ्युमेटिक मुटुरोग (RHD) को परिक्षण गरि ४ जनालाई रोग निदान गरि थप उपचारको लागि प्रेषण गरिएको ।

३८. देवघाट गाउँपालिका अन्तर्गत रहेका कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनको लागि ११९ जनालाई HPV खोप प्रदान गरिएको ।

३९. राष्ट्रिय पोषण लेखाजोखा अभियान अन्तर्गत ६ महिना देखि ५ बर्ष मुनिका ६८७ जना बालबालिकाहरुको पोषण लेखाजोखा गरिएको ।

४०. नसर्ने रोगको स्क्रिनिङमा सेवा लिएकाको संख्या-१६७१ जना सेवा लिने मध्ये उच्च रक्तचाप - २४३ जना, मधुमेह - १५६, मृगौंलाको रोग - ११ जना रहेका ।

**महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिकः**

४१. महिला हिंसा विरुद्धको १६ दिने अभियानमा लैङ्गिक हिंसा विरुद्व जनचेतना जगाउने विभिन्न कार्यक्रम गरी मनाईएको। वडा नं. १, २, ३, ४ र ५ सबै वडाहरुमा महिला हिंसा न्युनीकरण र लागूऔषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएका छन भने सामाजिक स्तरमा महिला सञ्जालहरुको प्रभाव कायम राख्न वडा तथा पालिका स्तरीय तिज विशेष कार्यक्रम सम्पन्न गरिएको।

४२. उपाध्यक्षसँग महिला सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम अन्तर्गत विद्यालयहरुमा किशोरी आत्मरक्षा तालिम सञ्चालन गरिएको।

४३. देवघाट गाउँपालिका भित्रको सबै वडाहरुमा वडा स्तरीय तथा पालिका स्तरीय बाल सञ्जालका गठन गरिएको छ भने यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम सु-सम्पन्न गर्नको लागि सरोकारवालालाई अभिमुखीकरण तथा बालमैत्री असल अभ्यास अध्ययन कार्यक्रम सम्पन्न गरिएको।

४४. अपाङ्गताको वर्गीकरण गरी ४ जना पुरुष र २ जना महिला गरी ६ जना अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको। साथै (ग) र (घ) वर्गका अपङ्गता भएका व्यक्तिहरुलाई अभिमुखीकरण कार्यक्रम प्रदान गरिएको। देवघाट गाउँपालिका भित्रको सबै वडाहरुमा वडा स्तरीय एवम् पालिका स्तरीय अपाङ्गता सञ्जाल गठन गरिएको।

४५. हाल आ.व. मा ३१ जना ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण गरिएको छ भने जसमध्ये १४ जना महिला र १७ जना पुरुष रहेका।

**उद्योग र गरिवी निवारण तर्फः**

४६. गाउँपालिका स्थित ६ जनालाई विद्युतीय सामाग्री प्रविधि हस्तान्तरण, १० जना महिला उद्यमीहरुलाई ब्युटिसियन तालिम तथा ३० जना महिलाहरुलाई उद्यमशीलताको तालिम लिई दक्ष उद्यमी बन्न प्रेरित गराइएको।

४७. सहलगानीमा चप्पल बनाउने तालिम सञ्चालन गरिएको।

**व्यवसाय दर्ता संख्याः-**

४८. यस आर्थिक वर्षमा १३ वटा व्यवसायिक नयाँ फर्म दर्ता भएका छन् भने नियमित रूपमा व्यवसायिक फर्महरू नवीकरण गरिएका।

**पर्यटन तर्फः**

४९. देवघाटधाम गण्डकी सभ्यता तथा धार्मिक क्षेत्रहरूको प्रबर्द्धन गर्न पदमार्ग निर्माण गरिएको।

५०. देवघाटधाममा पाल्नुहुने धार्मिक पर्यटकहरूको सहजताको लागि देवघाटधाम क्षेत्रको सडक बत्ती व्यवस्थापन तथा शौचालय, रेलिङ लगायतका भौतिक पूर्वाधार निर्माण गरिएको।

५१. विभिन्न होमस्टेहरूलाई पूर्वाधार विकास तथा क्षमता विस्तारमा सहयोग गरी सेवाको गुणस्तरमा वृद्धि ल्याइएको।

५२. धार्मिक गण्डकी परिक्रमा कार्यक्रम सम्पन्न गरिएको ।

**खानेपानी , सरसफाइ तथा स्वच्छताः**

५३. देवघाट गाउँपालिकाको वास प्लान अद्यावधिक गरिएको, प्लाष्टिकमुक्त क्षेत्र घोषणा गरिएको, खानेपानीको गुणस्तर कायम गर्न अति आवश्यक देखिएकोले १३ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई खानेपानी सुरक्षा सम्बन्धी तालिम सञ्चालन गरी क्षमता विकास गराइएको। साथै खानेपानी सुरक्षा योजना बनाइएको। नियमित फोहोर संकलन र व्यवस्थापन गर्दै आइएको।

**भूमि व्यवस्थापनः**

५४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा उपलब्ध गराउन २६१९ वटा घरपरिवारको ३७६१ कित्ता ५३२ हेक्टर जग्गा नापजाँचको कार्य सम्पन्न गरी एकिन गरिएको।

५५. भू-उपयोग क्षेत्र वर्गीकरण अन्तर्गत कृषि क्षेत्र ६२०८.६३ हेक्टर, आवासीय २४१.२९ हेक्टर र व्यवसायिक क्षेत्रमा ४३.२९ हेक्टर एकिन गरिएको।

५६. ३४ वटा नयाँ अव्यवस्थित बसोबासीको लगत संकलन गरी प्रविष्टि गरिएको।

**सहकारीः**

५७. देवघाट गाउँपालिकामा बचत तथा ऋण सहकारी संख्या –३ वटा, कृषि सहकारी संस्था संख्या –८ वटा, उपभोक्ता सहकारी संस्था –३ वटा, बहुउद्देश्यीय सहकारी संस्था –१ वटा र अन्य सहकारी संस्था –१ वटा गरी जम्मा १६ वटा सहकारी संस्थाहरू रहेका। यस बाट २२ जना कर्मचारीहरूले रोजगारी प्राप्त गरेका। सहकारी संस्थाका ४६ जना पदाधिकारीहरूका लागि सहकारी शिक्षा तालिम र कोपोमिस तालिम प्रदान गरि उक्त संस्थाहरुको नियमित अनुगमन गरिएको।

**टोल विकास संस्थाः**

५८. स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा पालिका सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका गरिएको। ती ७२ वटा टोल विकास संस्था परिचालनमा रही टोल विकास संस्थाहरुको लेखा परीक्षण सम्पन्न गराईएको।

**आर्थिक विकास (कृषि, उद्योग, राजश्व, पर्यटन, सहकारी, रोजगार):**

५९. गाउँपालिकाको आर्थिक विकासका लागि कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित एवम् सहयोग गरिएको। देवघाटधाम गण्डकी सभ्यता तथा धार्मिक क्षेत्रहरूको प्रवर्द्धन गर्न पदमार्ग निर्माण गरिएको। देवघाटधाममा पाल्नुहुने धार्मिक पर्यटकहरूको सहजताको लागि देवघाटधाम क्षेत्रको सडक बत्ती व्यवस्थापन तथा शौचालय, रेलिङ लगायतका भौतिक पूर्वाधार निर्माण गरिएको। विभिन्न होमस्टेहरूलाई पूर्वाधार विकास तथा क्षमता विस्तारमा सहयोग गरी सेवाको गुणस्तरमा वृद्धि ल्याइएको।

**कृषि:**

६०. आ.व. २०८२/८३ मा करिब २० हेक्टरमा सुन्तला बगान व्यवस्थापनको लागि निलो तुथो, कृषि चुन तथा सुक्ष्म खाद्य तत्व लगायतका आवश्यक कृषि सामग्री लागत सहभागितामा वितरण गरिएको।

६१. बीउ प्रतिस्थापन दर सुधार गरी धानको उत्पादकत्व वृद्धि गर्न किसानसँग अध्यक्ष कार्यक्रम मार्फत करिब १ मे.टन. उन्नत तथा हाइब्रिड बीउ वितरण गरिएको। मौरीपालन व्यवसाय प्रवर्द्धन गर्न करिब ५० मौरीघार लगायतका आवश्यक सामग्री वितरण गरिएको।

६२. देवघाट गाउँपालिका-४ मा सिताके च्याउ खेती प्रवर्द्धन गरिएको।

६३. कृषिजन्य आकस्मिक प्रकोपहरू नियन्त्रणको लागि आवश्यक विषादी लगायतका कृषि सामग्री शत प्रतिशत अनुदानमा वितरण गरिएको।

६४. फलफुलजन्य लिचि लगायत विभिन्न जातका बिरुवा प्रदान गर्ने अन्तिम चरणमा रहेको।

**पशु सेवा:**

६५. अत्याधुनिक प्रविधि सहित वडा नं. ५ का १२५ जना कृषकको गोठमा गई पशुपन्छीहरुलाई बाझोपन तथा थुनेलो परीक्षण गरिएको।

६६. पशु स्वास्थ्य सम्बन्धी घरदैलो कार्यक्रम सबै वडामा गरी कूल २५०० पशुमा आन्तरिक तथा बाह्य परजिबी र भिटामिनको ईन्जेक्सन दिई कार्यक्रम सम्पन्न गरिएको।

६७. २५० वटा सामुदायिक तथा घर पालुवा र अन्य संक्रमित पशुहरुमा रेबिज विरुद्धको खोप लगाईएको।

६८. सबै माध्यमिक विद्यालयहरुमा रेबिज नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको।

६९. बंगुर प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५०% अनुदानमा बंगुरको खोर निर्माण र उन्नत जातका बंगुरको पाठापाठी वितरण गर्ने कार्य सम्पन्न गरिएको, जसमा १० जना कृषकहरु लाभान्वित भएको।

७०. कृतिम गर्भाधान मिसन कार्यक्रम मार्फत ३३३ वटा पशुमा नश्ल सुधार गरिएको।

७१. २२२२५ पशुहरुमा पूर्ण खोप लगाईएको।

७२. वडा नं. ५ का ९० जना कृषकहरुको पशुहरुलाई पोषक तत्व/भिटामिन वितरण गरिएको।

७३. महामारी रोग नियन्त्रण अन्तर्गत २२७ जना कृषकहरुको घरगोठमा पुगी डिस्ईन्फेक्टेन्ट वितरण गरिएको।

७४. कालो च्वाँचे वितरण कार्यक्रम खरिद भई वितरण हुने प्रक्रियामा रहेको।

७५. गाउँपालिकामा पशुपन्छीहरुको विभिन्न रोगहरुको निदानका लागि ४४ वटा पशुपन्छीहरुको नमुना परीक्षण प्रयोगशाला परीक्षणद्वारा गरिएको।

७६. पशुपन्छी सेवा तर्फ पशु बन्ध्याकरण सेवा – ३९३ वटा, निमोनिया उपचार ४४ वटा, रिटेन्सन अफ प्लासेन्टा – ५० वटा, आन्तरिक परजिवी नियन्त्रण– ९६०० वटा, बाह्य परजिवी नियन्त्रण– ६५०० वटा, मिल्क फिभर – ३० वटा, कृतिम गर्भाधान– ३३३ वटा, डाईरिया उपचार– ५०३, प्रोल्याप्स उपचार– ५० वटा, ब्लोट टिम्पनि उपचार– २००, अनोरेक्सिया उपचार– ८५, डिस्टोकिया – ८०, ज्वरोको उपचार – २६०, पोल्ट्री उपचार-२२००, फुड पोईजनिङ्ग – १०, डाउनर काउ सिन्ड्रम – ७, गाईनाकोलोजिकल उपचार सेवा – ६२ जस्ता विभिन्न सेवाहरु प्रदान गरिएको।

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

७७. बेरोजगार व्यक्तिको पहिचान र सूचिकरण गरी १०० दिन बराबरको रोजगार कार्यक्रममा सहभागी गराईएको।

७८. वैदेशिक रोजगारीमा जानका लागि ४५ जनाको श्रम स्वीकृतिको लागि सहजीकरण गरिएको।

७९. चालू आ.व. मा सीप परिक्षणमा कूल ९ जना सहभागी गराईएको।

८०. पालिका तथा वडास्तरमा पूर्वाधार क्षेत्रका २६ वटा योजना सम्पन्न भएको।

**सुरक्षित आप्रवासन(सामी) कार्यक्रमः**

८१. सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी समुदाय स्तरमा गहन/समुदाय अभिमुखिकरण कार्यक्रम १२ वडा सम्पम्न भएको वडा न (१,२,३,४ र ५) मा सञ्चालन रहेको जसबाट २४० जना व्यक्तिहरुले सूचना प्राप्त गरेको।

८२. वित्तीय साक्षरता सचेतीकरण कार्यक्रम (९० मिनेट) विद्यालय अभिमुखिकरण कार्यक्रम वडा न १,४ र ५ मा ५ वटा सञ्चालन भएको जसबाट १९२ जना विद्यार्थीहरु लाभान्वित भएको।

८३. १ दिने वित्तीय साक्षरता सचेतना कार्यक्रम वडा न ५ मा ५ वटा सम्पन्न भएको जसबाट १७३ जना व्यक्तिहरु लाभान्वित भएको।

८४. ३ दिने वित्तीय साक्षरता कार्यक्रम वडा न ५ मा २ वडा सञ्चालन भएको जसबाट ६७ जना व्यक्तिहरु लाभान्वित भएका।

८५. २१ हप्ते वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा वडा न २ (तालबारी र करादिप) मा सञ्चालन भएको जसबाट ४५ जना व्यक्तिहरु लाभान्वित भएका।

८६. २१ हप्ते वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षाका परिवारहरुका लागि परिवार अभिमुखिकरण कार्यक्रम २ वटा सञ्चालन भएको जसबाट ३६ जना व्यक्तिहरु लाभान्वित भएको।

८७. व्यक्तिगत मनोसामाजिक परामर्श ३० जनाले सेवा प्राप्त गरेको।

८८. पालिकावाट १३ जना व्यक्तिहरुलाई बैदेशिक रोजगारी सम्बन्धी सूचना दिईएको।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः**

८९. देवघाट गाउँपालिका अन्तर्गतका सामुदायिक वनको विकासका लागि देवघाट गाउँपालिकाले स्थानीय वन ऐन, २०८२ तथा देवघाट गाउँपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२ निर्माण गरी कार्यान्वयन गरिएको।

९०. वन तथा वातावरण व्यवस्थापन गर्न र लागत साझेदारीमा काम गर्न तथा वन क्षेत्रबाट गाउँपालिकाले प्राप्त गर्ने बिक्रीको १० प्रतिशत रकम गर्न सामुदायिक वनसँग समन्वय गरि गाउँपालिकामा नियमानुसार दाखिला भई सो रकमको केही प्रतिशत रकम उक्त सामुदायिक वन विकास लागि लगानी गरिएको। गाउँपालिका विपद व्यवस्थापन समितिको बैठक नियमित रुपमा बसिरहेको छ। गाउँपालिका सबै कार्यालय र ईलाका प्रहरी कार्यालयमा विपद उद्धार सामग्रीको व्यवस्था गरिएको।

९१. देवघाट वडा नं. ५ स्थित टाउनचोक, देउपुर जाने सडक क्षेत्रमा १४ वटा सालको र २ वटा सिमलको गरी कूल १६ वटा जोखिमयुक्त रुखहरुको व्यवस्थापन गरिएको।

**सामाजिक सुरक्षा तथा घटना दर्ता:**

९२. चालु आ.व. मा सामाजिक सुरक्षा कोष मार्फत जम्मा १९५१ जना लाभग्राहीहरुलाई कूल रु. २ करोड ६ लाख ३५ हजार ७ सय ९५ रुपैयाँ विद्युतीय भुक्तानी प्रणाली (EFT) द्वारा भत्ता वितरण गरिएको।

९३. जिल्ला प्रशासन कार्यालय तनहुँबाट प्राप्त राष्ट्रिय परिचय-पत्र कार्ड १९१३ जनालाई अनलाईन मार्फत बायोमेट्रिक परीक्षण गरि वितरण गरिएको।

९४. गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराई गरी कूल ६६२ जना व्यक्तिहरुको व्यक्तिगत घटना दर्ता भएको।

**सुशासन तथा संस्थागत विकास:**

९५. २०८३ साल जेष्ठ मसान्तसम्ममा देवघाट गाउँपालिकाले ऐन, नियमावली, कार्यविधि र मापदण्डहरु मार्गदर्शन गरी कूल १३१ वटा कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको। गाउँपालिकामा संगठन तथा सर्वेक्षण तयार गरी कार्यालयको कार्यबोझको आधारमा संगठन, संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइएको। यस आ.व.सम्ममा विगतका वर्षदेखि म.ले.प.प्रतिवेदनमा देखिएको बेरुजु मध्ये ४ करोड ९७ लाख ४ हजार ५ सय १९ रुपैयाँ बराबरको बेरुजु नियमित गर्न प्रक्रिया अघि बढेको र रु. ७ करोड ४४ लाख ८३ हजार १ सय १७ रुपैयाँ २१ पैसा बाँकी रहेको। गाउँपालिकाबाट सम्पादित कार्यहरुको नागरिकलाई सूचित गराउन यस आर्थिक वर्ष २०८२/०८३ मा देवघाट-०२, ब्यागनमा गाउँपालिकास्तरीय, वडा नं. ५ मा वडा स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको। सामाजिक परीक्षण र लै.स.स. परीक्षण सम्पन्न गरिएको छ। साथै सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्पन्न गरिएको। न्यायिक समितिबाट ३२ जना मेलमिलापकर्ताहरुलाई ८ दिने तालिम दिईएको छ भने न्यायिक समितिबाट विभिन्न २५ वटा उजुरी तथा विवादको निरुपण गरिएको।

**वित्तीय अवस्था:**

९६. देवघाट गाउँपालिकाको चालू आ.व. २०८२/०८३ को जेष्ठ मसान्तसम्ममा आन्तरिक आयतर्फ ९१ लाख ७४ हजार ६ सय ८८ रुपैया ९६ पैसा र दहत्तर बहत्तरतर्फ १ करोड २० लाख रुपैयाँ गरी कूल ३ करोड ९ लाख १६ हजार २ सय ९१ रुपैयाँ ९६ पैसा मात्र राजस्व संकलन भएको। यसैगरी चालू आ.व.को कूल विनियोजित रकममध्ये हालसम्म चालूतर्फ २७ करोड ३६ लाख २१ हजार २ सय १९ रुपैयाँ २६ पैसा मात्र र पूँजीगततर्फ ६ करोड २८ लाख २८ हजार २ सय २१ रुपैयाँ ३५ पैसा मात्र गरी जम्मा कूल खर्च रु. ३३ करोड ६४ लाख ४९ हाजर ४ सय ४० रुपैयाँ ६१ पैसा खर्च भई ६२.५९% वित्तीय प्रगति भएको।

**सभाध्यक्ष महोदय,**

**सभा सदस्यज्यूहरु**

## आगामी आ.व. ०८३/०८४को क्षेत्रगत नीति तथा कार्यक्रमहरु

## गाउँपालिकाको लक्ष्यः"समुन्नत देवघाटको आधारः धार्मिक पर्यटन, कृषि र सम्पन्न पूर्वाधार"

### कृषि विकासः

१. कृषि विकास कार्यक्रमको सूचनाको पहुँचलाई थप प्रभावकारी बनाउन वडा स्तरीय कृषि सञ्जाल गठन गरिनेछ । कृषि सञ्चालमा कृषकहरूको सहभागितालाई विस्तार गर्दै कृषि प्रसार कार्यक्रम, मौसम पूर्वानुमान सम्बन्धी सूचनाहरूको डिजिटल मिडिया तथा आम सञ्चार माध्यमबाट प्रसारण गरिनेछ ।

२. देवघाट गाउँपालिकाका प्रमुख कृषि उपजहरूको खरिद गर्ने व्यवसायीहरूलाई पालिकामा दर्ता गर्ने प्रणाली अबलम्बन गरी कृषकहरूको भुक्तानी प्रक्रियालाई छिटो छरितो बनाइनेछ तथा भुक्तानीमा हुने कृषक ठगी तथा जालसाझीलाई कानुनी दायरामा ल्याइनेछ ।

३. सुन्तलाजात फलफूल बगैँचा विस्तार एवं व्यवस्थापन गर्दै उत्पादकत्व वृद्धि गरिनेछ र सुन्तला मूल्य श्रृङ्खला प्रबर्द्धन गरिने छ । पुरानो बगैँचा सुदृढीकरणको लागि आवश्यक कृषि सामग्रीहरूको उपलब्धता सुनिश्चित गरिनेछ।

४. व्यवसायिक फलफुल खेतीलाई प्रवर्द्धन गरिनेछ ।

५. प्रमुख खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गर्न बीउ प्रतिस्थापन दरमा सुधार गरिनेछ। बीउ विजन आत्मनिर्भर कार्यक्रम सञ्चालन गरी उन्नत बीउको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

६. किसान सूचीकरणमार्फत व्यावसायिक र निर्वाहमुखी कृषक वर्गीकरण गरी व्यावसायिक कृषकहरूलाई नाफामूलक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास गर्न सहयोग गरिनेछ एवं निर्वाहमुखी कृषकहरूलाई जीविकोपार्जन सुधारको कृषि उत्पादन सामग्रीहरूको सहुलियतपूर्ण उपलब्धताको सुनिश्चितता गरिनेछ।

७. पालिकाको लगानीमा निर्मित नर्सरीको क्षमता र गुणस्तर अभिवृद्धि गरी सुन्तलाजात फलफूल बेर्ना उत्पादन गरी कृषकहरूलाई सहुलियतपूर्ण वितरण गरिनेछ।

८. रसायनिक मलको आपूर्ति, वितरण र अनुगमन व्यवस्थित र पारदर्शी बनाइनेछ ।

### पशुपन्छी विकास

९. पशुपन्छी तथा मत्स्य जन्य खाद्यवस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी आत्मनिर्भर बनाउने पशुपन्छीको एक गाउँ एक पशुपंक्षी/मत्स्य उत्पादन, पशुपन्छी स्वास्थ्य सेवा एकीकृत रूपमा प्रबर्द्धन गरिने छ ।

१०. दूध, मासु, अण्डा जस्ता उच्च मूल्यका पशुपन्छीजन्य उत्पादनमा वृद्धि गरी व्यवसायीकरण र विविधीकरणको माध्यमबाट आर्थिक प्रबर्द्धन गरिनेछ ।

११. स्थानिय नश्लका पशुपन्छीहरुको अनुसन्धानमा आधारित नश्ल सुधार कार्यक्रम कार्यान्वयन गरी उत्पादन र उत्पादकत्व अभिवृद्दि गर्ने ।

१२. पशुपन्छी उत्पादन साम्रगी तथा उत्पादनको **गुणस्तर नियमन** गर्न आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी नियमन गरिनेछ ।

१३. पशुपंक्षी तथा मत्स्यपालन क्षेत्रमा निजि, सहकारी तथा सरकारी क्षेत्रको उन्नत प्रविधि तथा लगानी भित्र्याई कार्यक्रम कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. पशुपन्छी पालनमा बढ्दो युवा तथा महिला सहभागितालाई प्रोत्साहन गर्दै साना तथा व्यावसायिक युवा तथा महिलामुखी तालिम तथा स्वरोजगारमुलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

१५. जुनोटिक रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक **जनचेतना** अभिवृद्दि गरिनेछ।

१६. पशुपन्छीका विद्यमान महामारीजन्य रोगहरु विरुद्ध **बृहत खोप कार्यक्रम संचालन** गरिनेछ ।

१७. पशुपन्छी तथा मत्स्यजन्य रोगहरुको रोकथाम, उपचार तथा फिड सप्लिमेन्टको रुपमा प्रयोग गरिने औषधिलाई नियमन तथा व्यवस्थित गरिनेछ ।

**पूर्वाधार विकास तथा योजनाः**

१८. विकास आयोजना छनौट गर्दा सामाजिक-आर्थिक लाभ, वडागत सन्तुलन उत्पादन र रोजगारी सिर्जनालाई प्रमुख आधार लिई पूर्वतयारी भएका र प्रतिफल सुनिश्चित भएका आयोजना छनौट गरिनेछ । साथै पुर्वाधार निर्माण कार्य निर्धारित सुरु समय अवधी भित्रै कार्य सम्पन्न गर्ने निर्माण व्यावसायीलाई प्रोत्साहन र प्रशंसा पत्र दिने व्यवस्था गरिनेछ ।

१९. गाउँपालिकाको आर्थिक तथा प्राविधिक क्षमताका कारण गाउँपालिकाबाट सम्पन्न गर्न नसकिने ठूला खालका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) सहितको योजना बैंक तयार गरी आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँग बजेट माग गरी सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

२०. भवन संहिता कार्यान्वयनका लागि प्राविधिक दक्षता वृद्धि गरिनेछ । तालिम प्राप्त दक्ष कामदार मार्फत घर निर्माण गर्न जोड दिईनेछ ।

२१. नेपाल सरकार शहरी विकास मन्त्रालयवाट जारी गरिएको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२, को अधीनमा रही गाउँपालिका वस्ती विकास सम्बन्धी कार्यविधि तर्जुमा गरी भवन निर्माण कार्य व्यवस्थित गर्न एकीकृत भवन मापदण्ड निर्देशिका तर्जुमा गरी लागू गरिनेछ ।

२२. भवनसंहिता ऐन विपरित भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

२३. स्थानीय स्तरका योजनाहरु प्राथमिकीकरण आधारमा छनौट गरिनेछ ।

२४. सडक निर्माण गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई भन्दा विद्यमान सडकहरुको स्तरोन्नती कार्यमा जोड दिइनेछ। ट्र्याक खोलिसकेका सडक योजनामा स्तरोन्नती गर्दा कुल कामको कम्तीमा ६०% काम संरचना निर्माण गर्ने गरी कार्यान्वयन गरिनेछ।

२५. सम्पन्न भएका योजनालाई गुणस्तरीय बनाउन गुणस्तरीय मापन यन्त्र/उपकरण प्रयोग गरी पूर्वाधार विकास निर्माण कार्यको गुणस्तर मापन गरेर मात्र अन्तिम भुक्तानी हुने व्यवस्था मिलाईनेछ।

२६. लागत सहभागितामा आधारित कार्यक्रमलाई भन्दा सुशासन र पारदर्शिता अपनाउनका लागि विद्युतीय प्रविधि (E-Bid) मार्फत प्रतिस्पर्धा गराई योजना कार्यान्वयन गर्ने नीति लिईनेछ। तर स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थहरु प्रयोग गरी सम्पन्न गर्नपर्ने र स्थानीय जनशक्तिले गर्न सक्ने योजनाको हकमा भने लागत सहभागिता जोड दिई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिनेछ।

२७. सडक, पुल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय पक्षको अध्ययन गरी गुणस्तरीय एवम् वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ। साथै ग्रामीण सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

२८. गाउँपालिकाभित्र सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गरी सबै र सधैंका लागि सडक भन्ने मूल मर्मलाई आत्मसात गर्न सडक स्तरोन्नतिको कार्यलाई निरन्तरता दिइनेछ।

२९. योजनाहरु संचालन गर्दा गुणस्तरयुक्त र नतिजामुखी बनाउन लागत अनुमान र सम्झौता बमोजिम सम्पन्न गर्न Work schedule लाई कडाईका साथ लागु गर्दै म्याद थप गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ।

३०. गाउँपालिकाका ठूला तथा गौरवका आयोजनाहरुको आर्थिक वर्षको तीन महिना भित्र ठेक्का आव्हान गर्ने व्यवस्था मिलाईनेछ।

## शिक्षा,युवा तथा खेलकुद

३१. पालिकाको आफ्नै स्थानीय पाठ्यक्रम निर्माण गरि आधारभुत तह (१-८) सम्म कार्यान्वयन गरिनेछ।

३२. शुन्य दरबन्दी र कम दरबन्दी भएका आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) संचालित विद्यालयमा अङ्ग्रेजी, विज्ञान र गणित विषयमा शिक्षण सहयोग अनुदान प्रदान गरिनेछ।

३३. प्रारम्भिक बालबिकास देखि ५ कक्षा सम्मका बालबालिकाका लागि दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४. सम्पुर्ण माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT कक्षाको व्यवस्थापन गरिनेछ। साथै त्यस पश्चात आवश्यकता अनुसार आधारभुत तह (६-८) लाइ जोड दिइनेछ।

३५. सम्पूर्ण सामुदायिक विद्यालयमा खानेपानी, शौचालय सहित विद्यालयको भौतिक संरचनालाइ व्यवस्थित गरिनेछ।

३६. सामुदायिक विद्यालयका (६-१२) सम्मका छात्राहरुलाइ निशुल्क सेनेटरी प्याड वितरणको कार्यलाइ निरन्तरता दिइनेछ।

३७. गाउँपालिका भित्र एउटा प्राविधिक शिक्षालय स्थापनाको लागि आवश्यक अध्ययन एवं पहल गरिनेछ।

३८. शिक्षकको पेशागत सहयोगका लागि क्षमता विकास कार्यक्रमलाइ जोड दिइनेछ।

३९. विद्यार्थीको सर्वाङ्गीण विकासका लागि पालिका स्तरीय अतिरिक्त क्रियाकलापमा जोड दिइनेछ।

४०. विपन्न र जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तीको व्यवस्थापन गरिनेछ।

४१. शैक्षिक सामग्री निर्माण, शैक्षिक प्रदर्शनी तथा शैक्षिक सिकाइ मेला जस्ता सिकाइ वृद्धि गर्ने कार्यक्रम गरिनेछ ।

४२. उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम संचालन गरिनेछ।

४३. विद्यालयमा खेल सामग्री सहित राष्ट्रपति खेलकुद कार्यक्रमलाइ व्यवस्थित गरिनेछ।

**जन-स्वास्थ्य**

४४. सबै वडाहरुमा आधारभूत र गुणस्तरीय निशुल्क स्वास्थ्य सेवाको पहूँच पुर्याईने छ।

४५. सबै स्वास्थ्य संस्थाहरुको e-HMIS लाई निरन्तरता दिन बजेटको ब्यबस्था गरिनेछ।

४६. सबै वडाहरुमा बिपन्न,अल्पसंख्यक जातिहरु तथा जेष्ठ नागरिकहरुलाई स्वास्थ्य बिमा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

४७. स्वास्थ्य संस्थामा नियमित रुपमा अति आवश्यक औषधिको आपूर्ति व्यवस्था मिलाईने छ।

४८. १० वर्ष देखि १९ वर्ष सम्मका किशोरीहरुलाई आईरन/फोलिक चक्कि १३ हफ्ताको फरकमा विद्यालय मार्फत वितरण गरिनेछ।

४९. भैपरी तथा महामारी रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि व्यवस्थापन गरिनेछ।

५०. जेष्ठ नागरिक तथा नागरिकहरुलाई आवश्यकता हेरेर विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ।

५१. नेपाल सरकारले तोकिएको कार्यक्रम खोप, परिवार नियोजन, मातृ तथा नवशिशु सम्बन्धी कार्यक्रमको लागि स्वास्थ्य संस्थाहरुमा आवश्यक सामाग्री/उपकरण उपलब्ध गरिने छ।

५२. सबै स्वास्थ्य चौकीमा बिद्युत,सोलार तथा ईन्टरनेटको व्यवस्था गरिने छ।

५३. स्वास्थ्य संस्थामा(वर्थिङ सेन्टर)हरुमा सुत्केरी हुन आउदाँ कुरुवा र सुत्केरीलाई बस्न र खानाको व्यवस्था मिलाईने छ।

५४. वर्थिङ सेन्टरमा खटिएका नर्सिङ कर्मचारिहरुलाई सुत्केरी गराए बापत प्रोत्साहन तथा जोखिम भत्तालाई निरन्तरता दिईने छ।

५५. महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि आवश्यक सामाग्री तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

५६. क्षयरोग, कुष्ठरोग तथा HIV यौनजन्य रोग सम्बन्धि जनचेतना मुलक कार्यक्रम गरिने छ।

५७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि वार्षिक र अर्धवार्षिक समीक्षा गोष्ठी, वैठकमा आउँदा जाँदाको यातायात तथा सञ्चार खर्चको व्यवस्था गरिनेछ।

५८. देवघाट गा.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा गाँउघर क्लिनिक तथा खोप क्लिनिक आवश्यकता अनुसार थपघटका गर्न परेमा सो कार्य सम्पन्न गर्नका लागि आवश्यक श्रोतको व्यवस्था गरिने छ।

५९. दीर्घरोगीहरुको लागि दिईने औषधि उपचार खर्चको रकमलाई निरन्तरता दिईने छ।

६०. गर्भवती महिलाहरुको लागि ग्रामिण अब्स्ट्रक्टिभ भिडियो एक्सरे कार्यक्रम सबै वडाहरुमा लागु गरिनेछ तथा अब्स्ट्रक्टिभ भिडियो एक्सरे गर्ने कार्यको लागि आवश्यक श्रोत साधनको ब्यवस्था गरिने छ।

६१. अस्पताल तथा स्वास्थ्य चौकीहरुबाट निशुल्क प्रदान गरिने औषधिहरु गुणस्तर तथा सर्वसुलभ वितरण गर्नको लागि बजेटको ब्यवस्था गरिने छ।

६२. संघीय सरकार, प्रदेश सरकारसँग समन्वय गरी जनस्वास्थ्य कार्यक्रमहरु संचालन गरी प्रभावकारी सेवा प्रदान गरिने छ।

६३. ५ बर्ष भित्रका बालबालिकाहरुलाई पूर्ण खोप लगाएको सुनिश्चित गरी (घर धुरी सर्वेक्षण) देवघाट गाउँपालिकालाई पूर्णखोप पालिका बनाउने कार्यलाई निरन्तरता दिईने छ।

६४. पालिका स्तरीय १० शैयाको आधारभूत अस्पताल संचालन गरिने छ साथै बजेटको व्यबस्था गरिने छ।

६५. देवघाट गाउँपालिका वडा नं. ५ नागरिक आरोग्य सेवा केन्द्रबाट दिईने सेवालाई निरन्तरता दिनको लागि बजेटको ब्यबस्था गरिने छ।

६६. Family Profile कार्यक्रम शुरु गरिने छ।

**उद्योग र गरिवी निवारण**

६७. युवा जनशक्तिलाई सीपमुलक तालिम, उद्यमशीलता विकास तथा प्रविधि सहितको स्थानीय कच्चा पदार्थमा आधारित स्वरोजगारमुखी उद्योग सञ्चालन तथा रोजगारी सिर्जना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८. समुदायमा आधारित परम्परागत पेशा तथा सीपको व्यवसायीकरण गर्न सीप विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। परम्परागत सीप,पेशा एवम् व्यवसायलाई संरक्षण र आधुनिकीकरण गर्दै दलित, महिला, आदिवासी, जनजाति, अपाङ्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक एवम् सामाजिक रूपले पिछडिएका समुदायको उत्थान गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

६९. उद्यमशीलता विकास सम्बन्धी (कम्तिमा ७+१ दिन) तालिम नलिएकाहरुका लागि सीप विकास तालिममा सहभागी नगराईने नीति लिइनेछ साथै सबै प्रकारका सीप विकास सम्बन्धी तालिम सञ्चालन गर्दा मेड्पा मोडलमा गरिनेछ र सबै प्रकारका सीप विकास तालिम सञ्चालन गर्दा एकद्धार प्रणाली अपनाइनेछ।

७०. उपभोक्ताहित संरक्षण गर्न तथा कालाबजारी न्यूनीकरण गर्न सघन बजार अनुगमन कार्यमा जोड दिइनेछ।

७१. उद्योग तथा व्यवसाय दर्ता, उपभोक्ता समिति दर्ता, संघ-संस्था दर्ताका लागि घुम्ति शिविर सञ्चालनमा ल्याइनेछ।

७२. राजस्व संकलन कार्यलाई प्रभावकारी बनाउन करका दायरा बिस्तार गर्ने र नदीजन्य पदार्थ ढुंगा, गिट्टी बालुवा प्रशोधन कार्यलाई लागि क्रसर उद्योग स्थापना गर्ने नीति अवलम्बन गरिनेछ।

**पर्यटनः**

७३. देवघाटधाम क्षेत्रमा हुने धार्मिक पर्यटनबाट स्थानीय स्तरमा हुन सक्ने लाभका लागि स्थानीय नागरिकहरुलाई अग्रसर गराई धार्मिक पर्यटन विकासमा जोड दिइनेछ।

७४. सुविधा सम्पन्न घरवास (होमस्टे) लगायत अन्य मानव निर्मित पर्यटकीय संरचना एवम् पूर्वाधारको विकास गरी ग्रामीण क्षेत्रहरूमा पर्यटन प्रवर्द्धन गरिनेछ ।

७५. देवघाटधाम क्षेत्रको धार्मिक पर्यटन विकासमा सहयोग गर्न देवघाट गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक संस्था तथा अन्य सरोकारवालाहरुको सहकार्यमा धार्मिक पर्यटन क्षेत्रमा व्यवस्थापनमा जोड दिइनेछ ।

७६. पर्यटन क्षेत्रलाई ग्रामीण अर्थतन्त्रको प्रमुख सम्वाहकको रुपमा विकास गरी पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास तथा प्रवर्द्धन गरिनेछ ।

**खानेपानी , सरसफाइ तथा स्वच्छता**

७७. खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूसँग समन्वय गर्दै आयोजनामा दोहोरो नपर्ने गरी एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७८. व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइमा थप जोड दिदै पूर्ण सरसफाइ उन्मुख गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७९. भू-सूचना प्रविधिमा आधारित राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन प्रणालीमा खानेपानी आयोजनाको लगत प्रविष्टि गरी पालिकास्तरीय खानेपानी,सरसफाई तथा स्वच्छता (WASH Plan) योजनालाई अद्यावधिक गर्दै लगिनेछ ।

८०. खानेपानी आयोजनाको मुहान संरक्षण,मर्मत-संम्भार तथा प्रणाली सुदृढीकरण गर्न उपभोक्ता समितिलाई क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

८१. वर्षायाममा देखिने गरेको पानीजन्य रोगको प्रकोप न्यूनीकण गर्न असुरक्षित स्रोत भएका खानेपानी प्रणाली पहिचान गरी पानी शुद्धीकरणका विधि अपनाईनेछ ।

८२. खानेपानीको अभाव भएका वस्तिहरूमा लिफ्टिङ खानेपानी तथा सिचांइ आयोजना सञ्चालन गरी खानेपानीको आपूर्ति गरिनेछ ।

८३. फोहोरमैला व्यवस्थापन गर्न जनस्तरमा सचेतना कार्यक्रम गरी महामारी रोगको न्यूनीकरण हुने गरि फोहोरमैला व्यवस्थापनमा जोड दिइनेछ ।

८४. खानेपानी सुरक्षित भए नभएको एकीन गर्न सम्पूर्ण खानेपानी आयोजनाको पानी परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८५. खानेपानीका मुहान संरक्षणका लागि सामुदायिक वनसँगको समन्वयमा उपयुक्त स्थानमा **एक वन एक पुनर्भरण पोखरी (Recharge Pond)** निर्माण गरिनेछ ।

८६. महामारी रोगको जोखिम न्यूनीकरणका लागि दातृ निकायको साझेदारीमा हरेक विद्यालयमा सुरक्षित खानेपानी, सुधारिएको चर्पी, हात धुने स्थान निर्माणलाई निरन्तरता दिइनेछ ।

८७. महामारी रोगको जोखिम न्यूनीकरणका लागि सरसफाईको महत्वपूर्ण भूमिका रहने हुँदा सरसफाइ दिवसहरू प्रभावकारी रूपमा मनाइनेछ ।

८८. कालिगण्डकी र त्रिशुली नदी सफाइका लागि सघन सफाई कार्यक्रम सञ्चालन गरिनेछ ।

८९. पर्यटकीय स्थलहरूमा सार्वजिनक धारा जडानमा सहजीकरण गरिनेछ ।

**वन तथा वातावरणः**

९०. गाउँपालिकामा रहेको जैविक विविधतालाई संरक्षण, सदुपयोग र संवर्द्धन गरिनेछ ।

९१. परम्परागत रुपमा रहेका चौतारी, पोखरी, कुवा लगायतका संरचनाको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

९२. वन डढेलो न्युनीकरण तथा नियन्त्रणको लागि सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

९३. स्थानीय वन ऐन अनुसार सामुदायिक वनहरुमा कृषि वनको अवधारणा अगाडि बढाईनेछ ।

**भूमि व्यवस्थापन**

९४. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पूर्जा वितरण कार्य अघि बढाइनेछ । यसका लागि संघ र प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

९५. भूमिको वर्गिकरण गरिएका भू-उपयोग क्षेत्रलाई मागका आधारमा आवश्यकता अनुसार संशोधन गरिनेछ ।

९६. वडा तथा टोल विकास समितिसंग सहकार्य गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।

९७. स्रोत सुनिश्चित गरी संघीय सरकारसँग समन्वय गरी मालपोत कार्यालय र नापी कार्यालयबाट गरी आएका भू-सेवा जस्ता कार्य पालिकास्तरबाट सुरूवात गरिनेछ ।

**सहकारी**

**९८.** उत्पादनमूलक सहकारी संस्थाबाट उत्पादित वस्तुलाई विविधीकरणमा जोड दिदै बजारीकरणमा टेवा पुर्याइनेछ ।

**९९.** सहकारी संस्थाको सुशासनमा जोड दिन र क्षमता विकास गर्न संस्थाका सञ्चालकहरूलाई तालिम, भ्रमण, पुरस्कार वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१००.** किसानहरुलाई सहकारीमा आवद्ध गरी गरिबी निवारणमा टेवा पुर्याईनेछ ।

**१०१.** सहकारीहरुको उन्नति र प्रगतिमा टेवा पुर्याउन पालिका स्तरीय सहकारी समन्वय समिति गठन गरी उनीहरुको क्षमता विकास गरिदै लगिनेछ ।

**१०२.** सहकारी संस्थाको प्रभावकारी नियमन र अनुगमनका लागि सहकारी शाखाको व्यवस्थापन गरी क्षमता अभिवृद्धि गरिनेछ।

**संघ-संस्था**

१०३. सरकारी तथा गैर सरकारी संस्थाको समन्वय र सहकार्यमा सामाजिक तथा आर्थिक विकासमा टेवा पुग्ने कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

१०४. गाउँपालिकाका विभिन्न वस्तीमा गठन भएका टोल विकास संस्थाहरुको क्षमता विकास गरी र जिम्मेवार बनाइनेछ ।

१०५. सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०६. यूनिसेफ लगायतका संस्थासंग समन्वय गरी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

**टोल विकास संस्थाः**

१०७. सामाजिक विकासका कार्यमा टोल विकास संस्थालाई पारिचालन गरिनेछ, साथै टोल विकास संस्था अन्तर्गतका सेवा क्षेत्रभित्रका स्थानीय वासिन्दाको आयआर्जनमा जोड दिइनेछ।

१०८. गाउँपालिकाका विभिन्न टोल तथा वस्तीमा गठन भएका टोल विकास संस्थाहरुको क्षमता विकास गरी र जिम्मेवार बनाइनेछ।

**अन्य गैसस संघसंस्था**

१०९. कुनै पनि गैससले गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु पूर्व गाउँकार्यपालिका बाट अनुमति लिनुपर्ने व्यवस्था मिलानेछ ।

११०. विकासको साझेदारको रुपमा निजी क्षेत्र तथा गैरसरकारी संघसंस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिनेछ। साथै उपयुक्त कार्यक्रममा गाउँपालिकाबाट लागत साझेदारी हुनेछ।

१११. गै.स.स. तथा अन्य संघ संस्थाहरुवाट लगानीको लागि प्राप्त प्रस्तावित कार्ययोजना तथा कार्यक्रमहरुलाई आवश्यकता भए बमोजिम समन्वयात्मक रुपमा अगाडि बढाइनेछ।

**सामाजिक संरक्षण (महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक):**

११२. महिलाहरुको नेतृत्व, सीप विकास तथा सशक्तीकरणका कार्यक्रमहरुमा विशेष जोड दिइनेछ।

११३. लैङ्गिक हिंसा न्यूनीकरण तथा विभेदजन्य र छुवाछुत विरुद्धका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११४. बालमैत्री स्थानीय शासन प्रवर्द्धन निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ।

११५. बालश्रममुक्त स्थानीय तह घोषणा अभियानका कार्यक्रम सञ्चालन गरिनेछ।

११६. बाल क्लव, बाल सञ्जालहरुलाई सक्रिय गराउँदै क्षमता विकासका कार्यक्रम गरिनेछ।

११७. अपाङ्गता परिचयपत्र वितरण गरी अपाङ्गता भएका व्यक्तिहरुको आयआर्जन, सीपमुलक अभिमुखीकरण कार्यक्रम गरिनेछ।

११८. ज्येष्ठ नागरिक सम्मानका साथै विपन्न तथा असहाय ज्येष्ठ नागरिकका लागि स्वास्थ्य परीक्षण तथा अन्य सहायता उपलब्ध गरिनेछ।

## सूचना प्रविधि

११९. देवघाट गाउँपालिका मातहतका कार्यालयहरुलाई पूर्ण रुपमा सूचना तथा प्रविधिमैत्री बनाउन आवश्यक प्रविधिको व्यवस्थापन गर्ने नीति लिईनेछ।

१२०. देवघाट गाउँपालिकाभित्र प्रवेश गर्ने मुख्य नाकाहरु तथा मुख्य पर्यटकीय स्थलहरुमा सुरक्षा व्यवस्थापनको लागि आधुनिक सि.सि.टि.भी. जडान, मर्मत तथा आवश्यक स्थानहरुमा थप गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२१. देवघाट गाउँपालिका अन्तर्गत रहेका सबै शाखाहरुमा रहेको प्राविधिमैत्री उपकरणहरु बिना अवरोध नियमित रुपमा संचालन गर्नका लागि आवश्यकता अनुसार प्रविधि व्यवस्थापन तथा मर्मत गरिनेछ ।

१२२. देवघाट गाउँपालिकामा कार्यरत सहायक स्तरका कर्मचारीहरुलाई दक्ष तथा सक्षम रुपमा कार्य सम्पादन गर्न आवश्यक सहायक स्तरीय IT सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१२३. देवघाट गाउँपालिकाको सबै वडामा मोबाईलको नेटवर्क सम्बन्धी समस्याको समाधानका लागि आवश्यक समन्वय तथा फाईबरयुक्त ईन्टरनेट पहुँचको सुनिश्चितता गरिनेछ ।

**न्यायिक समिति**

१२४. न्यायिक समिति समक्ष परेका उजुरीहरुको द्विपक्षीय छलफलका माध्यवाट छिटो छरितो रुपमा उजुरी फछ्र्यौट गरिनेछ ।

१२५. विवाद निरूपणमा दक्षता हाँसिल गराउन न्यायिक समिति सदस्य, जनप्रतिनिधि, कर्मचारी तथा वडास्तरका मेलमिलापकर्ताहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१२६. उजुरी प्रक्रियालाई सर्वसुलभ बनाउन विद्युतीय सूचना प्रणालीको माध्यमबाट पनि दर्ता गर्ने परिपाटिको विकास गरिदै लगिनेछ ।

१२७. सबै वर्गको अधिकारको सुनिश्चितता गर्दै न्याय सेवामा पहुँच पुर्याइनेछ ।

१२८. कानूनका बारेमा सचेतना गराउन कानूनी साक्षरता कार्यक्रमलाई जोड दिइनेछ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

१२९. नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको र उक्त हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नियमावली जारी भएको अवस्थामा यस गाउँपालिकामा रहेका सूचिकृत बेरोजगार व्यक्तिहरुलाई सीप विकास मार्फत स्वरोजगार हुन तथा नीजि क्षेत्रबाट रोजगारी सृजना हुने उद्योग, व्यवसायलाई दिगो तथा उत्पादनशिल क्षेत्रमा रोजगारी सिर्जना गर्ने गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

१३०. देवघाट गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्ये प्राथमिकताको आधारमा रोजगार तथा सीप विकास कार्यक्रम, सीप परीक्षण सँगै न्यूनतम एक सय दिनको रोजगारी, कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ ।

१३१. देवघाट गाउँपालिका भित्र रोजगारीको खोजिमा रहेका वेरोजगार व्यक्तिहरु र रोजगारदाताहरु बिच समन्वय गराउनका लागि श्रम संसार प्रणालीमा आवद्ध गराई आवश्यक सीप रहेको जनशक्ति र रोजगारदाता विच विनिमय सेवा प्रदान गरिनेछ।

१३२. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी, सरकारी तथा गैर-सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ। रोजगारीका लागि बाध्यताले विदेशिनु पर्ने अवस्थाको अन्त्य गर्न तथा विदेश जानै परेमा सहि सूचना र सीप सिकेर दक्ष जनशक्तिको रुपमा सुरक्षित तवरले वैदेशिक रोजगारीको जानका लागि रोजगार सेवा केन्द मार्फत अभिमूखीकरण कार्यक्रम सञ्चालन, श्रम स्वीकृतमा सहजिकरण गरिनेछ।

**विपद् व्यवस्थापनः**

१३३. जल तथा मौसम सम्बन्धी तथ्याङ्कलाई सामाजिक संजालमा एकीकृत गरी विपद् सम्बन्धी पूर्व सुचना प्रणाली विकास गरिनेछ।

१३४. आगलागी, डढेलो, बाढी, पहिरो नियन्त्रण लगायत माहामारी रोगका कारणले विपद् व्यवस्थापन गर्नका लागि स्थानीय जनता र सामुदायिक वनसँग सहकार्य गरिनेछ। साथै डढेलो लगाउनेलाई कानुनी कारवाही अगाडि बढाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

१३५. विपद् व्यवस्थापन संयन्त्रको विकास, विपद् सामाग्रीको भण्डारण लगायतको कार्य गर्न र महामारी रोगको सम्भावित थप जोखिम समेतलाई मध्यनजर गरी विपदयोग्य लाभग्राहीलाई राहत प्रदान गर्न विपद व्यवस्थापन कोषको वृद्धि गरिनेछ।

१३६. प्राकृतिक प्रकोपका दृष्टिले अत्यन्त जोखिमपूर्ण क्षेत्रमा विपद ब्यवस्थापन सम्बन्धी पूर्व तयारी कार्यक्रमहरु संचालन गरिनेछ ।

१३७. विपद् प्रतिकार्यका लागि आपतकालिन कार्यसञ्चालन केन्द्रलाई व्यवस्थित गरिनेछ।

१३८. प्राकृतिक विपद्का घटनाहरु बढिरहेको सन्दर्भमा विपद् पूर्वतयारी, न्यूनीकरण, व्यवस्थापन र विपद् प्रतिकार्य गाउँ योजना एवम् कार्यक्रमलाई प्रभावकारी ढंगले लागू गरिनेछ। साथै गाउँस्तरीय बजेट र वडाबाट विपद् कार्यका लागि छुट्याईने रकमलाई एउटै विपद् कोषमा जम्मा गरी विपद्जन्य कार्यमा न्यायपूर्ण र पारदर्शी रुपमा खर्चको व्यवस्था गरिनेछ।

**सामी कार्यक्रम तर्फ**

१३९. आप्रवासी कामदार तथा तिनीहरू परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ। जसको लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, स्वयं-सेवक सेवा, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरिने छ।

१४०. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरिने छ। उक्त कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गरिने छ। जसको

लागि वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारको दिगो रोजगारी सृजना गर्न रोजगारी सम्बन्धी सीप विकास कार्यक्रम, सिप परिक्षण तथा उत्पादन वृद्धि गर्ने गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिने छ।

**१४१.** वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरण गरी सीप, अनुभव र पूँजीमा आधारित उद्योग तथा व्यवसाय सञ्चालनमा टेवा पुर्याइनेछ।

१४२. वैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि गहन कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१४३. वैदेशिक रोजगारी सम्बन्धी समुदायलाई सघन अभिमुखीकरण गरिनेछ।

**सुशासन, सार्वजनिक सेवा प्रवाह र संस्थागत विकास**

१४४. सुशासन र सेवा प्रवाहलाई नागरिक स्तरमा नै प्रत्यक्ष अनुभुति हुने गरी नीतिगत सुधार गरिनुका साथै सेवा प्रवाहलाई सुदृढ बनाईनेछ, सार्वजनिक सेवामा नागरिकको पहुँच अभिवृद्धिका लागि सूचना प्रविधिको प्रयोगका साथै सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सेवाग्राही सन्तुष्टी सर्वेक्षण जस्ता कार्यलाई निरन्तरता दिईने छ।

१४५. सार्वजनिक सेवा प्रवाहलाई विद्युतीय प्रणालिको माध्यमबाट सरल, सहज र पहुँचयुक्त बनाउन गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा उपयुक्त विद्युतीय प्रविधिको उपयोग गरिनुका साथै सवै वडा कार्यालयमा इन्टरनेट सेवालाई प्रभावकारी बनाईनेछ।

१४६. स्थानीय सरकारी सेवालाई तटस्थ, निष्पक्ष, उत्तरदायी एवं व्यावसायिक संस्थाको रुपमा विकास गरी सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि कर्मचारीहरुको कार्य सम्पादन स्तर मापन गरी कार्य सम्पादन मूल्याङ्कनमा आधारित प्रोत्साहन प्रणालीको विकास गरिनेछ।

१४७. गाउँपालिकाको प्रशासनिक संरचनालाई पुनरावलोकन गरी भौगोलिक तथा जनसंख्याको आधारमा ठिक्क आकारको प्रशासनिक जनशक्ति मार्फत सेवा प्रवाह गरिने छ।

१४८. गाउँपालिकाको संस्थागत विकासका लागि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा उल्लेखित सूचकलाई प्रभावकारीरुपले कार्यान्वयन गरिनेछ।

१४९. गाउँसभा, कार्यपालिका वैठक, विभिन्न विषयगत समिति तथा अन्य समितिबाट हुने कार्य प्रक्रिया प्रभावकारी बनाउदै उक्त समितिहरुबाट भएका निर्णयहरु कार्यान्वयन गरिने छ।

१५०. चालु आ.व.मा विगत वर्षहरुको बेरुजुहरुलाई विभाजन गरी बेरुजु फछर्यौटमा उल्लेखनीय रुपमा उपलब्धी हासिल गरेको हुँदा आगामी आ.व २०८३/०८४ मा बेरुजु फछर्यौटमा प्रभावकारी कदम चालिनेछ।

१५१. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास तथा वृत्तिविकाससँग सम्बन्धित तालिमहरु सञ्चालनका लागि आवश्यक श्रोतको व्यवस्था गरिनेछ।

१५२. गाउँपालिकाको सुरक्षा व्यवस्थालाई  व्यवस्थित बनाउनको लागि पालिका क्षेत्रका बजारहरुमा हुन सक्ने आपराधिक घटनाहरुलाई दृष्टिगत गरी नगर प्रहरी र  ईलाका प्रहरी कार्यालय, देवघाटको समन्वयमा सहकार्य गरिनेछ ।

१५३. गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गा तथा सम्पतिहरुको खोजी गरी संरक्षण र संवर्द्धन गरिनेछ ।

१५४. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम तथा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त राष्ट्रिय परिचयपत्र अनलाईन प्रणाली मार्फत बायोमेट्रिक भेरिफेकिसन गरी वितरण गर्ने कार्यमा सहजीकरण गरिनेछ ।

१५५. स्थानीय जनताको चाहना र आवश्यकतालाई आत्मसात गरी उत्तरदायी शासन पद्धतिको विकास गरिनेछ साथै स्वास्थ्य संस्थाबाट प्रदान गरिने अत्यावश्यक सेवालाई सातै दिन चौबिसै घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

१५६. गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवालाई जवाफदेही बनाईनेछ ।

**सभाध्यक्ष महोदय,**
**गाउँसभा सदस्य जयूहरु**

सबैको साझा प्रयासबाट गाउँपालिकावासीको अपेक्षा पुरा गर्ने तर्फ हाम्रो ध्यान केन्द्रित हुनुपर्दछ । पालिकाका मुख्य समस्या गरिबी, बेरोजगारी, न्यून विकास तथा स्रोतको अभावलाई चिर्दै गाउँवासीको चाहना बमोजिम विकास कार्यलाई अगाडि बढाउन आर्थिक वर्ष २०८३/२०८४ को नीति तथा कार्यक्रमले मद्दत गर्ने विश्वास लिएको छु । गाउँपालिकाको समग्र विकासमा सहयोग पुऱ्याउने राजनीतिक दलका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत् लगायत सम्पूर्ण पालिकावासी दिदी-बहिनी, दाजु-भाइलाई हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा, यस गाउँसभामा प्रस्ततु भएका नीति तथा कार्यक्रम माथी छलफल गरी यहाँहरुबाट प्राप्तहुने महत्वपूर्ण सुझाव र सल्लाहलाई आत्मसाथ गर्ने वाचा गर्दै यहाँहरु सबैको साथ र सहयोगको अपेक्षाका साथ विदा हुने अनुमति चाहन्छु ।धन्यवाद ।

मितिः- २०८३/०३/०५

.........................
तिल बहादुर थापा
गाउँपालिका अध्यक्ष